नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, २०७३
हरिसिद्धि, सितापाईला, काठमाडौँ

फोन नं. ०१-४६७१७१७
बागमती प्रदेश, नेपाल ।

प.सं. २०७८/७९
च.नं ३६४८

मिति : २०७८/११/१८

विषय: मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको प.सं.०७८/७९, च.नं.१२० मिति २०७८/११/०८ को पत्रानुसार मिति २०७९ बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि आयोगले मतदाता नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयारी गर्ने कार्य प्रारम्भ गरेको हुदा सो प्रयोजनका संवत् २०७८ माघ २४ गतेसम्म मतदाता नामावलीको लागि नाम संकलन भई संवत् २०७९ बैशाख २९ गतेसम्म अठार बर्ष उमेर पुगेका व्यक्तिहरूको मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, मिति २०७८/११/१९ देखि मिति २०७८/११/२६ सम्म निर्वाचन कार्यालयहरूमा संचालन हुनुका साथै मतदाता नामावलीको सूची समेत वडा कार्यालयहरूमा पठाइसकिएको हुदा सो सम्बन्धमा देहायमा उल्लेख भए बमोजिमका दावी विरोध भएमा सम्बन्धित वडा कार्यालयमा सम्पर्क राखी मिति २०७८/११/१९ देखि मिति २०७८/११/२६ सम्म निर्वाचन कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>मतदाता नामावली अद्यावधिक कार्यक्रममा संचालन हुने क्रियाकलापहरू:</u>

१) मतदाता नामावली प्रकाशन गर्ने,
२) कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटी भएमा सच्याउनको लागि निवेदन दिने,
३) कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित उजुरी दिने,
४) दोहोरो नाम हटाउन निवेदन दिने,
५) दोहोरो नाम हटाउने,
६) मृत्यु भएको वा नागरिकता त्याग गरेको वा नागरिकता रद्द भएको व्यक्तिको नाम मतदाता नामावलबाट हटाउने ।

११/१८

कन्चन खनाल
नि.प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ:</u>
श्री वडा कार्यालय वडा नं.(१ देखि १०)सबै
*(मतदाता नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउनुहुन)*